कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित एवं
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७४ अनुसार वित्तीय व्यवसाय गर्न इजाजत प्राप्त

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A Joint-Venture with punjab national bank, India)
...the name you can BANK upon!

नेपाल राष्ट्र बैंक बाट "क" वर्गको इजाजत प्राप्त संस्था
इ.बि.एल. हाउस, लाजिम्पाट, वार्ड नं. ३, काठमाडौं, नेपाल
फोन नं. ००९७७-१-४४४३३७७, फ्याक्स नं. ००९७७-१-४४४३१६०
**Email: ebl@mos.com.np, URL: www.everestbankltd.com**

को

# "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हाल कायम चुक्ता पूँजी रु.४,५२,६४,२६,१००/– को तीन शेयर बराबर एक शेयर (३ : १) (अर्थात् विद्यमान ३ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.१,५०,८८,०८,७००/–बराबरको प्रति शेयर रु.१००/–अंकित दरका १,५०,८८,०८७ कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई **एभरेष्ट बैंक लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सुचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" को **दफा (थ)** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७४/१/२० गते ।

हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति : २०७४/३/१८ गते ।

हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०७४/४/२२ गते । (बैंकिङ समय पश्चात्) ।

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

**यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.niblcapital.com, एभरेष्ट बैंक लिमिटेडको Website: www.everestbankltd.com र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।**

क) **संगठित संस्थाको नाम :** एभरेष्ट बैंक लिमिटेड (Everest Bank Limited)

ख) **संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.३, लाजिम्पाट मा रहेको छ ।

ग) **कारोबार स्थान :** यस कम्पनीले नेपाल राष्ट्र बैंकले स्वीकृत गरेअनुसार नेपाल भित्र देहायका स्थानहरुबाट आफ्नो कारोबार संचालन गर्दै आएको छ :

| क्र.सं. | शाखाको नाम | शाखा रहेको स्थान र जिल्ला |
|---|---|---|
| **१.** | **प्रधान कार्यालय** | **इ.बि.एल. हाउस, लाजिम्पाट, काठमाण्डौं** |
| २. | न्युरोड | न्युरोड, काठमाडौं |
| ३. | टेकु | टेकु , काठमाडौं |
| ४. | नयाँ बानेश्वर | नयाँ बानेश्वर, काठमाडौं |
| ५. | चाबहिल | ाबहिल, काठमाडौं |
| ६. | नयाँ बजार | नयाँ बजार, बालाजु, काठमाडौं |
| ७. | गाोल्फुटार | गाोल्फुटार, काठमाडौं |
| ८. | मैतीदेवी | मैतीदेवी, काठमाडौं |
| ९. | ठमेल | ए वन बिजनेश कम्प्लेक्स, काठमाडौं |
| १०. | कालिमाटी | कालिमाटी, काठमाडौं |
| ११. | बागबजार | बागबजार, काठमाडौं |
| १२. | सतुंगल | सतुंगल, काठमाडौं |
| १३. | कीर्तिपुर | नयाँ बजार, कीर्तिपुर, काठमाडौं |
| १४. | पुल्चोक | पुल्चोक, ललितपुर |
| १५. | विर्तामोड | विर्तामोड, झापा |
| १६. | बीरगंज | आदर्शनगर, बीरगंज |
| १७. | गोरखा | शक्ति चोक, गोरखा बजार – ३ |
| १८. | ग्वार्को | ग्वार्को, ललितपुर |
| १९. | विराटनगर | हनुमानदास रोड, विराटनगर |
| २०. | सिमरा | सिमराचोक, सिमरा |
| २१. | पोखरा | न्युरोड, पोखरा |
| २२. | लगनखेल | लगनखेल (बस पार्क), ललितपुर |
| २३. | दुहबी | दुहबी, सुनसरी |
| २४. | आई.सि.डी. शाखा | ड्राइपोर्ट, पर्सा |
| २५. | लेखनाथ | तालचोक, लेखनाथ |
| २६. | भक्तपुर | सूर्यविनायक, भक्तपुर |
| २७. | इटहरी | इटहरी, सुनसरी |
| २८. | हेटौंडा | बैंक रोड, हेटौडा, मकवानपुर |
| २९. | बेसीशहर | बेसीशहर, लमजुङ |
| ३०. | जनकपुर | मिल्स एरिया, जनकपुर |
| ३१. | नारायणगढ | शहीदपथ, नारायणगढ |
| ३२. | कुश्मा | सहिद चोक, कुश्मा बजार, पर्वत |
| ३३. | बाग्लुङ्ग | आवा रोड, बाग्लुङ्ग |
| ३४. | लुम्बिनी | मधुवनी – ८, लुम्बिनी |
| ३५. | सन्धिखर्क | सन्धिखर्क – ९, चुतराबेंशी |
| ३६. | तुलसीपुर | बीपी चोक, तुलसीपुर, दाङ्ग |
| ३७. | बुटवल | मल्ली कम्प्लेक्स, वीपी पथ, बुटवल |
| ३८. | तौलीहवा | पुरानो हाट बजार, लुम्विनी रोड, तौलिहवा, कपिलबस्तु |
| ३९. | नेपालगञ्ज | सुर्खेत रोड, धम्बोजी |
| ४०. | धनगढी | धनगढी, कैलाली |
| ४१. | भैरहवा | प्रहरी टोल, सिद्धार्थनगर, भैरहवा |
| ४२. | कृष्णनगर | कृष्णनगर – २, कतिलवस्तु |
| ४३. | सुर्खेत | बीरेन्द्र चोक, बीरेन्द्रनगर, सुर्खेत |
| ४४. | स्याङजा | पुतलीबजार–२, शहिद चोक |
| ४५. | चन्द्रनिगाहपुर | चन्द्रनिगाहपुर गा.बि.स.– १, गौर रोड |

| | | |
|---|---|---|
| ४६. | राजविराज | राजविराज न.पा.– १, त्रिभुवन चोक |
| ४७. | गोंगबु | सामाखुशी चोक, गोंगबु |
| ४८. | गुलरिया | गुलरिया न.पा. |
| ४९. | टिकापुर | टिकापुर |
| ५०. | भोजपुर | भोजपुर |
| ५१. | धादिङ | धादिङ |
| ५२. | बाग्डोल | ललितपुर |
| ५३. | सातदोबाटो | सातदोबाटो, ललितपुर |
| ५४. | खाँडबारी | खाँडबारी, संखुवासभा |
| ५५. | लमही | लमही, दाङ |
| ५६. | रुकुम | रुकुम, मुसीकोट |
| ५७. | बजाङ | जयपृथ्वी न.पा., बजाङ |
| ५८. | सुक्खड | सुक्खड, कैलाली |
| ५९. | जोरपाटी | जोरपाटी, काठमाण्डौ |
| ६०. | महेन्द्रनगर | भिमदत्त न.पा., महेन्द्रनगर |

उपरोक्त स्थानहरुको अलावा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई नेपाल भर शाखा, उपशाखा वा अन्य कार्यालय समेत खोली कारोवार गर्न सक्नेछ ।

**घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

एभरेष्ट बैंक लिमिटेड प्रचलित कम्पनी कानून बमोजिम मिति २०४९/८/१ मा नेपाल सरकार, बाणिज्य विभागमा पब्लिक लिमिटेडको रुपमा दर्ता भएको कम्पनी हो। साथै, मिति २०५१/६/११ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी कम्पनीले मिति २०५१/७/१ गते देखि आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७४ (तत्कालीन बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१) बमोजिम नेपाल राष्ट्र बैंकले "क" वर्ग को बैंकको रुपमा कम्पनीलाई मिति २०६३/१/१३ मा पुनः इजाजत प्रदान गरे अनुसार हाल "क" वर्ग को इजाजतप्राप्त संस्थाको रुपमा बैंकले आफ्नो कारोबार सञ्चालन गरिआएको छ । यस कम्पनीमा ५०% शेयर स्वामित्व संस्थापक शेयरधनीहरुको रहेको छ, ३०% शेयर स्वामित्व सर्वसाधारण शेयरधनीहरुको रहेको छ भने बाँकी २०% शेयर संयूक्त लगानीकर्ता पञ्जाब नेशनल बैंक, नयाँ दिल्ली, भारतको नाममा रहेको छ ।

नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७४, कम्पनी ऐन २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेकाछन् ।

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधरणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारी मूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रवद्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने,

**ङ) शेयर पूँजीको संरचना :**

क) **अधिकृत पूँजीः** यस बैंकको अधिकृत पूँजी रु.१०,००,००,००,०००/–(अक्षरेपी दश अर्व) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/– का दरले जम्मा १,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) **जारी पूँजीः** यस बैंकको जारी पूँजी रु.६,०३,५२,३४,८००/–(अक्षरेपी छ अर्व तीन करोड बाउन्न लाख चौंतिस हजार आठ सय) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा ६,०३,५२,३४८ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) **चुक्ता पूँजीः** हाल बैंकको चुक्ता पूँजी रु.४,५२,६४,२६,१००/-(अक्षरेपी चार अर्व बाउन्न करोड चौसट्ठी लाख छब्बीस हजार एक सय) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/–अंकित मूल्यका ४,५२,६४,२६१ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत् हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् बैंकको चुक्ता पूँजी रु.६,०३,५२,३४,८००/–(अक्षरेपी छ अर्व तीन करोड बाउन्न लाख चौंतिस हजार आठ सय) हुनेछ ।

**च) हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूंजीको स्थिति :**

हकप्रद शेयर निष्काशन गर्नु पूर्व बैंकको चुक्ता पूँजीको स्थिति :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | २,२२,६०,८२२ | ५०% | २,२२,६०,८२,२००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु सहित) | १,३९,३५,०६३ | ३०% | १,३९,३५,०६,३००/– | शतप्रतिशत |
| ग | पंजाब नेशनल बैंक, भारत | ९०,६८,३८५ | २०% | ९०,६८,३८,५००/– | शतप्रतिशत |
| | **जम्मा** | **४,५२,६४,२६९** | **१००%** | **४,५२,६४,२६,९००/–** | |

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने बैंकको चुक्ता पूँजीको स्थिति :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | २,९६,८१,०८८ | ५०% | २,९६,८१,०८,८००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरवालाहरु (कर्मचारीहरु सहित) | १,८५,८०,०७९ | ३०% | १,८५,८०,०७,९००/– | शतप्रतिशत |
| ग | पंजाब नेशनल बैंक, भारत | १,२०,९१,१७७ | २०% | १,२०,९१,१७,७००/– | शतप्रतिशत |
| | **जम्मा** | **६,०३,५२,३४४** | **१००%** | **६,०३,५२,३४,४००/–** | |

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**

| क्र.सं | संस्थापकको नाम | ठेगाना | शेयर संख्या स्वामित्व | चुक्ता रकम रु. |
|---|---|---|---|---|
| १. | श्री विष्णु कृष्ण श्रेष्ठ (समूह "क") | पुल्चोक, ललितपुर । | ४१,५७,३६१ | ४१,५७,३६,१००/– |
| २. | स्व. श्री मैत्र देव पाठक (समूह "क") | कमलपोखरी, काठमाण्डौ । | २५,३८,०७६ | २५,३८,०७,६००/– |
| ३. | श्री नेपाल कृष्ण श्रेष्ठ (समूह "क") | ताहाचल, काठमाण्डौ । | ४१,८४,१०१ | ४१,८४,१०,१००/– |
| ४. | श्री कुलबीर सिंह तुलाधर (समूह "क") | त्रिपुरेश्वर, काठमाण्डौ । | ४,५४,६८७ | ४,५४,६८,७००/– |
| ५. | श्री अरुण मान शेरचन (समूह "क") | गैह्रीधारा, काठमाण्डौ । | १७,०७,५२६ | १७,०७,५२,६००/– |
| ६. | श्री होटल स्नो लायन प्रा. लि. (समूह "क") | बाागबजार, काठमाण्डौ | ४२,१३,६४२ | ४२,१३,६४,२००/– |
| ७. | श्री शान्त देव पाठक (समूह "क") | कमलपोखरी, काठमाण्डौ | १०,३७,१८९ | १०,३७,१८,९००/– |
| ८. | श्री राधा श्रेष्ठ (समूह "क") | तापाहिटी, ललितपुर । | ३९,६८,२३२ | ३९,६८,२३,२००/– |
| ९. | श्री पंजाब नेशनल बैंक, नँया दिल्ली भारत (समूह "ग") | भारत | ९०,६८,३८५ | ९०,६८,३८,५००/– |
| | **जम्मा (समूह "ख")** | | १,३९,३५,०६३ | १,३९,३५,०६,३००/– |
| | **जम्मा शेयर (क+ख+ग)** | | **४,५२,६४,२६१** | **४,५२,६४,२६,१००/–** |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

यस विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.४,५२,६४,२६,१००/–को तीन शेयर बराबर एक शेयर (३ :१) (अर्थात् विद्यमान ३ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.१,५०,८८,०८,७००/–बराबरको प्रति शेयर रु.१००/–अंकित दरका १,५०,८८,०८७ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

**झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय :

निर्धारित बिषयसूची नं.४ अनुसार नेपाल राष्ट्र बैंकमा पेश गरेको पूँजी बृद्धि योजना बमोजिम ३ : १ को अनुपातमा रु.१,५०,८८,०८,७००/– बराबरको हकप्रद शेयर निष्काशन गर्न बिशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

साधारण सभा सम्पन्न भएको मिति : **२०७३/९/२३ गते ।**

ञ) **संचालकहरुको परिचय :**

यस बैंकका संचालक समितिमा हाल देहाय बमोजिमका संचालकहरुले प्रतिनिधित्व गर्नु भएको छ।

**सञ्चालकहरुको विवरण :**

| क्र.सं. | नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री विष्णु कृष्ण श्रेष्ठ (संस्थापक समुहबाट) | अध्यक्ष | ८८ | नेपाली | पुल्चोक, ललितपुर | ४१,५७,३६९ | एम.बि.ए, एम.ए, एल.एल बि. | विभिन्न औद्योगिक प्रतिष्ठानहरुः एसबिएल इण्डिया लि.,नँया दिल्ली, भारतमा करिव ३० बर्षको कार्य अनुभव । हिमालयन डिष्टिलरी, सिक्कीम भारतमा करिव १५ बर्षको कार्य अनुभव । |
| २. | श्री वेद कृष्ण श्रेष्ठ (संस्थापक होटल स्नो लायन प्रा.लि.को तर्फबाट) | संचालक | ९० | नेपाली | टुम्वहाल, ललितपुर | ४२,१३,६४२ | बि.ए. | संयुक्त राष्ट्र संघमा ३५ बर्ष भन्दा बढीको कार्य अनुभव । |
| ३. | डा. बाल गोपाल वैद्य (संस्थापक होटल स्नो लायन प्रा. लि.को तर्फबाट) | संचालक | ६८ | नेपाली | सितापाइला, काठमाण्डौ | ४२,१३,६४२ | पि.एच.डि (अर्थशास्त्र) | पुर्व सदस्य राष्ट्रिय योजना आयोग, हाल अनुसन्धानको क्षेत्रमा संलग्न न्यु इरा नामक संस्थासँग विगत १५ बर्षदेखि आबद्ध |
| ४. | श्री अरुण मान शेरचन (संस्थापक समुहबाट) | संचालक | ६३ | नेपाली | गैह्रीधारा, काठमाण्डौ | १७,०७,५२६ | आई.कम. | मल्पी कलेज, काठमाण्डौमा स्थापनकाल देखि आवद्ध तथा पशुपति पेपर मार्ट प्रा.लि. नामक व्यापारिक संस्थासँग स्थापनाकाल देखि आवद्ध, |
| ५. | डा.राम एस. साँगापुरे (पञ्जाब नेशनल बैंक, को तर्फबाट) | संचालक | ५९ | भारतीय | पञ्जाब नेशनल बैंक, नयाँ दिल्ली भारत | ९०,६८,३८५ | पि.एच.डि (अर्थशास्त्र) | पञ्जाब नेशनल बैंकमा सन् २०१५ देखि कार्यकारी निर्देशक रही कार्य गर्दै आइरहेको । |
| ६. | ए.के. अहलुवालिया (पञ्जाब नेशनल बैंकको तर्फबाट) | संचालक | ५९ | भारतीय | पञ्जाब नेशनल बैंक, नयाँ दिल्ली भारत हाल:बाँसबारी काठमाण्डौ | ९०,६८,३८५ | बि.ए. अनर्स अंग्रजी | पञ्जाब नेशनल बैंक, नयाँ दिल्ली भारतमा ३२ बर्ष देखि कार्यरत र हाल महाप्रबन्धक को रुपमा कार्यरत । |
| ७. | श्री सुनिल गोपाल श्रेष्ठ (सर्वसाधारण शेयरधनीहरुको तर्फबाट) | संचालक | ५३ | नेपाली | सातदोबाटो, ललितपुर | ९६८ | बि.एस.सी. | सौगल ट्रेडिङ्ग कम्पनी प्रा.लि. मा स्थापनाकाल देखि आबद्ध । |
| ८. | श्री नबिन भक्त श्रेष्ठ (सर्वसाधारण शेयरधनीहरुको तर्फबाट) | संचालक | ५३ | नेपाली | बोलांछे टोल भक्तपुर | ६८२ | बि.कम. | नबिन ट्रेडर्स नामक व्यापारिक संस्थामा स्थापनाकाल देखि आबद्ध (प्रोप्राइटर) |

**<u>प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना तथा अनुभव सम्बन्धी विवरण :</u>**

नाम : श्री सोमेश्वर सेठ ठेगाना : नयाँ दिल्ली, भारत ।

अनुभव : विगत ३१ बर्ष देखि बिभिन्न पदमा रही पंजाव नेशनल बैंक, नयाँ दिल्ली, भारतमा कार्यरत ।

शैक्षिक योग्यता : बि.एस.सी., एम.एस.सी. जे.ए.आई.आई.वि., सि.ए.आई.आई.वि.

अनुभव :

| मिति (इ.सं.) | पद | कार्य |
|---|---|---|
| २०१२ | सा.नायव महाप्रबन्धक | मानव संसाधन, प्रधान कार्यालय, भारत |
| २०१५ | नायव महाप्रबन्धक | सर्किल हेड, अलहाबाद, भारत |
| २०१६ | नायव महाप्रबन्धक | सर्किल हेड, लखनऊ, भारत |
| हाल | प्रमुख कार्यकारी अधिकृत | एभरेष्ट बैंक लि., नेपाल |

**ट) संचालक समितिको बनौट :**

बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ९ (नौ) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

| | |
|---|---|
| समूह "क" का संस्थापक शेयरधनीहरुका तर्फबाट नियुक्त हुने | ४ (चार) |
| समूह "ख" का सर्वसाधारण शेयरधनीहरुले आफुमध्ये नियुक्त हुने | २ (दुई) |
| समूह "ग" प्राविधिक सेवा तथा व्यवस्थापन प्रदान गर्ने बैंकको तर्फबाट नियुक्त भई आउने | २ (दुई) |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित संचालक | १ (एक) |
| **जम्मा** | **९ जना** |

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको तीन शेयर बराबर एक शेयर (३ : १) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन्।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्धारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ। यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ।

**ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन। तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ। यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ। यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई बैंकको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ। यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन। तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ।

**ण) विगतको तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | | | आ.ब. ०७३/०७४* पौष मसान्त सम्मको | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ |
| १.शेयर पूँजी | २,१३७,३८८ | २,७४२,६०४ | ४,६०६,४२७ | ४,६०६,४२७ | ८,१०६,८६४ | ८,५०८,२०७ | ८,६७८,३७१ |
| २.जगेडा तथा कोषहरु | ३,३१९,७६० | ४,१४७,७७३ | ३,९०७,६६१ | ४,८७९,२३६ | ५,८९९,१७७ | ८,२६२,९६९ | ११,२५७,७०७ |
| ३.ऋणपत्र तथा बण्ड | ४६८,८४५ | १,०६८,८४५ | १,०६८,८४५ | १,०६८,८४५ | १,०६८,८४५ | १,०६८,८४५ | १,०६८,८४५ |
| ४.तिर्न बाँकी कर्जा सापट | – | – | २,५०० | ७,५०० | – | – | – |
| ५.निक्षेप दायित्व | ६२,१०८,१३६ | ८३,०९३,७९० | ९३,७३५,४८१ | ९०,४३६,६०७ | १०९,६७०,५१२ | १२८,३१४,५०० | १५०,१२७,९६४ |
| ६.भुक्तानी दिनु पर्ने बिलहरु | ३७०,५७८ | ३४९,५३० | १,३६५,३१७ | ६९१,१०६ | १,५०१,८४९ | १,७२७,१२६ | १,९८६,१९५ |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | ९२०,३९६ | १४१,१२३ | १०६,४९६ | – | ४१२,१८४ | १,२३०,७५३ | १,२९२,०११ |
| ८.आयकर दायित्व | – | – | – | ६,४४० | – | – | – |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९.अन्य दायित्व | १,११९,९८१ | ७,६२३,६२९ | ९,०९२,३१९ | ९,९५०,६३४ | ९,११४,८४१ | ९,३८५,३२७ | ९,६८०,१६९ |
| **कुल दायित्व** | **७०,४४५,०८३** | **९९,१६७,२९४** | **११३,८८५,०४६** | **१११,६४६,७९४** | **१३५,७७४,२७३** | **१५८,४९७,७२६** | **१८४,०९१,२६२** |

| सम्पत्ति | वास्तविक (रु. हजारमा) | | | आ.ब. ०७३/०७४* पौष मसान्त सम्मको | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/०७४ | आ.ब. ०७५/७६ | आ.ब. ०७५/७६ |
| १.नगद मौज्दात | २,०५०,०२९ | २,०६५,६०८ | २,५१४,९४८ | २,६१२,९९४ | १,८०९,४०७ | १४,०८४,१११ | १६,६९७,८७० |
| २.नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ९,४४६,९२२ | १७,१२६,१५६ | १३,३५६,०१८ | १२,७७५,८७४ | ९,५८१,९०६ | १,४८७,९४३ | २,९२२,८६७ |
| ३.बैक/वित्तीय संस्थामा रहेको मौज्दात | १,६७५,८३२ | ५,९२४,७१९ | ७,२४६,४२९ | ५,१८३,२८२ | ७,९७१,०७२ | ८,३६९,६२५ | ८,७८८,१०६ |
| ४.माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | - | - | २,८००,०३१ | - | - | - |
| ५.लगानी | ६,५०४,१८६ | १५,१०२,६७४ | १८,१९८,७४० | १२,४७०,३४२ | ३२,९०८,८८२ | ३८,०९०,१२८ | ४४,२६६,०६२ |
| ६.कर्जा सापट तथा बिल खरिद | ४७,५७२,०२४ | ५४,४८२,४६५ | ६७,९५५,१०७ | ७१,६०७,७६६ | ७८,८४५,४४७ | ९१,४६०,७१९ | १०६,०९४,४३४ |
| ७. स्थिर सम्पत्ति | ६२६,९९४ | ६३०,३९७ | ६७८,९८८ | ७५६,२२१ | ६५६,३९९ | ७२२,०३९ | ७९४,२४२ |
| ८.गैर बैंकिङ्ग सम्पत्ति | - | - | - | - | - | - | - |
| ९.अन्य सम्पत्ति | २,५६९,०९६ | ३,८३५,२७५ | ३,९३४,८१७ | ३,४४०,२८४ | ४,००१,१६० | ४,२८३,१६१ | ४,५२७,६८१ |
| **कुल सम्पत्ति** | **७०,४४५,०८३** | **९९,१६७,२९४** | **११३,८८५,०४६** | **१११,६४६,७९४** | **१३५,७७४,२७३** | **१५८,४९७,७२६** | **१८४,०९१,२६२** |

**नाफा नोक्सान हिसाव**

| विवरण | वास्तविक (रु. हजारमा) | | | आ.ब. ०७३/०७४* पौष मसान्त सम्मको | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ |
| १.व्याज आम्दानी | ५,१७७,५५२ | ४,९९६,४२८ | ५,०५७,०७७ | २,८२८,१९३ | ६,७९०,३१३ | ८,२४५,५२२ | ९,७५५,९५५ |
| २.व्याज खर्च | २,२५८,७३७ | २,११६,९९३ | १,८२८,४९३ | १,०६१,५६० | ३,०६७,२८९ | ३,७८९,८३२ | ४,३४५,४८१ |
| **खुद ब्याज आम्दानी** | **२,९१८,८१५** | **२,८७९,४३५** | **३,२२८,५८५** | **१,७६६,६३३** | **३,७२३,०२४** | **४,४५५,६९०** | **५,४१०,४७४** |
| ३.कमिशन तथा डिस्काउण्ट | २५४,८८२ | ३०५,१३९ | २८५,९४० | १६७,७०६ | ४५८,३४६ | ४६३,८११ | ५३७,७९७ |
| ४.अन्य संचालन आम्दानी | ३०९,४७५ | ३८७,४८८ | ५०९,७९५ | २५९,३२१ | ४०७,४१९ | ४१२,२७६ | ४७८,०४२ |
| ५.सटही घटबढ आम्दानी | ६७,०२८ | ८७,२७३ | ११२,९७६ | ४४,३१७ | १५२,७८२ | १५४,६०४ | १७९,२६६ |
| **कुल संचालन आम्दानी** | **३,५५०,२००** | **३,६५९,३३५** | **४,१३७,२९५** | **२,२३७,९७६** | **४,७४१,५७१** | **५,४८६,३८०** | **६,६०५,५७९** |
| ६.कर्मचारी खर्च | ५११,८६४ | ६८७,५१० | ६९९,८८१ | ३३४,९८० | ८८६,४१२ | ९३०,७३२ | ९७७,२६९ |
| ७.अन्य संचालन खर्च | ५४४,२९६ | ५५५,२२१ | ६०३,१७८ | ३१९,६३४ | ६४७,३१८ | ७५२,१९३ | ८४८,३०८ |
| ८.सटही घटबढ नोक्सान | | | | - | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **२,४९४,०३९** | **२,४१६,६०३** | **२,८३४,२३६** | **१,५८३,३६३** | **३,२०७,८४१** | **३,८०३,४५५** | **४,७८०,००२** |
| ९.सम्भावित नोक्सानी | १५५,९७४ | १६३,९६३ | १६८,१३४ | ९६,५७० | १३५,५०७ | १७४,७११ | २०२,६६५ |
| **संचालन मुनाफा/(नोक्सान)** | **२,३३८,०६६** | **२,२५२,६४१** | **२,६६६,१०३** | **१,४८६,७९३** | **३,०७२,३३५** | **३,६२८,७४४** | **४,५७७,३३७** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | ९,९३४ | १२,४८४ | २४,७१९ | ४,६६२ | २७,१९१ | ४०,७८६ | ६१,१७९ |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ८९,७२६ | २०७,१२० | ९२,७५१ | ३५,३०६ | ३०,००० | ४५,००० | ६७,५०० |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **२,४३७,७२५** | **२,४७२,२४५** | **२,७८३,५७३** | **१,५२६,७६०** | **३,१२९,५२५** | **३,७१४,५३०** | **४,७०६,०१६** |
| १२.असामान्य कारोवार बाट भएको मुनाफा/(खर्च) | (२०) | | ४,२७९ | - | - | - | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | | - | - | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | २,४३७,७०५ | २,४७२,२४५ | २,७८७,८५१ | १,५२६,७६० | ३,१२९,५२५ | ३,७१४,५३० | ४,७०६,०१६ |
| १३.कर्मचारी बोनस व्यवस्था | २२१,६१० | २२४,७५० | २५३,४४१ | १३८,७९६ | २८४,५०२ | ३३७,६८५ | ४२७,८२० |
| १४.आयकर ब्यबस्था | *६६६,३९७* | *६७३,१४३* | *८०४,२०३* | *४१६,३८९* | *८५३,५०७* | *१,०१३,०५४* | *१,२८३,४५९* |
| यस वर्षको | ६७१,३४० | ६४८,७६७ | ७५२,१४८ | ४१६,३८९ | ८५३,५०७ | १,०१३,०५४ | १,२८३,४५९ |
| गत वर्षको | २,१७३ | | ४५,००० | - | - | - | - |
| पर सारिएको आयकर आम्दानी/(खर्च) | ७,११६ | (२४,३७६) | (७,०५५) | - | - | - | - |
| **खुद मुनाफा/(नोक्सान)** | **१,५४९,६९९** | **१,५७४,३५२** | **१,७३०,२०७** | **९७१,५७५** | **१,९९१,५१६** | **२,३६३,७९२** | **२,९९४,७३८** |
| शेयर संख्या (हजारमा) | २१,३७४ | २७,४२६ | ४६,०६४ | ४६,०६४ | ८१,०६९ | ८५,०८२ | ८६,७८४ |
| प्रति शेयर आम्दानी (रु.) | ७२.५० | ५७.४० | ३७.५६ | २१.०९ | २४.५७ | २७.७८ | ३४.५१ |

**नोटः आ.ब.०७३/०७४ पौष मसान्त सम्मको वित्तीय विवरणहरु लेखापरिक्षण हुन बाँकी तर ब्यबस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।**

**नेटवर्थ सम्बन्धी विवरण :**

| **ववरण** | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
| चुक्ता पुंजी | २,१३७,३८८ | २,७४२,६०४ | ४,६०६,४२७ | ८,१०६,८६४ | ८,५०८,२०७ | ८६,७८,३७१ |
| जगेडा तथा कोषहरु | ३,३१९,७६० | ४,१४७,७७३ | ३,९०७,६६१ | ५,८९९,१७७ | ८,२६२,९६९ | ११,२५७,७०७ |
| **कुल** | **५,४५७,१४७** | **६,८९०,३७७** | **८,५१४,०८८** | **१४,००६,०४१** | **१६,७७१,१७६** | **१९,९३६,०७८** |
| घटाउनेःअपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | **५,४५७,१४७** | **६,८९०,३७७** | **८,५१४,०८८** | **१४,००६,०४१** | **१६,७७१,१७६** | **१९,९३६,०७८** |
| शेयर संख्या (हजारमा) | २१,३७४ | २७,४२६ | ४६,०६४ | ८१,०६९ | ८५,०८२ | ८६,७८४ |
| प्रति शेयर नेटवर्थ (रु.) | २५५.३२ | २५१.२३ | १८४.८३ | १७२.७७ | १९७.१२ | २२९.७२ |
| प्रति शेयर चुक्ता पुंजी (रु.) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | २८.४०% | २२.८५% | २०.३२% | १४.२२% | १४.०९% | १५.०२% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | २५.३४% | | |

**नोट : नेटवर्थ गणना गर्दा अग्राधिकार शेयर बापतको रकमलाई समावेश नगरी गणना गरेकोले लेखापरिक्षण भएको वित्तीय विवरणसँग फरक पर्न गएको हो ।**

**वित्तीय प्रक्षेपणका आधार तथा तरिका :**

| **विवरण** | आ.ब. ०७३/७४ | आ.ब. ०७४/७५ | आ.ब.०७५/७६ |
|---|---|---|---|
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | १७.००% | १७.००% | १७.००% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | १६.००% | १६.००% | १६.००% |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ७३.४७% | ७२.६२% | ७१.८५% |
| ४. कुल आयमा औषत बृद्धिदर | ३०.८९% | १८.७९% | १८.०६% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | ४३.५४% | १९.२३% | १२.८६% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | १९.६४% | १८.१४% | १६.६७% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | १५.१०% | १८.६९% | २६.६९% |
| ८. निक्षेप तथा सापटको औषत ब्याजदर (प्रतिशतमा) | ५.४७% | ५.५६% | ५.५३% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | ८.७१% | ९.१५% | ८.९५% |
| १०. आयकर ब्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| ११. निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | ०.३८% | ०.३८% | ०.३८% |
| १२. लगानीमा प्रतिफल | १.२५% | २.६०% | १.८९% |
| १३. अन्य संचालन खर्चका वृद्धिदर | ७.३२% | १६.२०% | १२.७८% |
| १४.कर्मचारी खर्चमा बृद्धिदर | २६.६५% | ५.००% | ५.००% |

| | | | |
|---|---|---|---|
| १५. % of Provision on Total Gross Loan | ०.०१ | ०.०१ | ०.०१ |
| १६. CRR | ७.०५% | ७.४०% | ८.०९% |
| १७. SLR | १५.६१% | १५.५८% | १५.७८% |
| १८. CAR | १२.८६% | १२.५१% | १२.१७% |

माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता बैंक आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था आरकेएस एण्ड एशोसिएट्स, नारायणचौर, नक्साल, काठमाण्डौं रहेको छ ।

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

**२०७३ साल आषाढ मसान्तको वासलात**

| पूँजी तथा दायित्व | रकम रु. |
|---|---|
| १. शेयर पूँजी | ४,६०६,४२७ |
| २. जगेडा तथा कोषहरु | ३,९०७,६६१ |
| ३. ऋणपत्र तथा बण्ड | १,०६८,८४५ |
| ४. तिर्न बाँकी कर्जा सापट | २,५०० |
| ५. निक्षेप दायित्व | ९३,७३५,४८१ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | १,३६५,३१७ |
| ७. प्रस्तावित नगद लाभांश | १०६,४९६ |
| ८. आयकर दायित्व | - |
| ९. अन्य दायित्व | ९,०९२,३१९ |
| **कुल पूँजी तथा दायित्व** | **११३,८८५,०४६** |
| **सम्पत्ति** | **रकम रु.** |
| १. नगद मौज्दात | २,५१४,९४८ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १३,३५६,०१८ |
| ३. बैंक/वित्तीय संस्थामा रहको मौज्दात | ७,२४६,४२९ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | १८,१९८,७४० |
| ६. कर्जा सापट तथा बिल खरीद | ६७,९५५,१०७ |
| ७. स्थीर सम्पत्ति | ६७८,९८८ |
| ८. गैर बैकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | ३,९३४,८१७ |
| **कुल सम्पत्ति** | **११३,८८५,०४६** |

**२०७२ श्रावण १ गते देखि २०७३ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब**

| विवरण | यस वर्ष रु. |
|---|---|
| १. ब्याज आम्दानी | ५,०५७,०७७ |
| २. ब्याज खर्च | १,८२८,४९३ |
| **खुद ब्याज आम्दानी** | **३,२२८,५८५** |
| ३. कमिशन तथा डिस्काउण्ट | २८५,९४० |
| ४. अन्य संचालन आम्दानी | ५०९,७९५ |
| ५. सटही घटबढ आम्दानी | ११२,९७६ |
| **कूल संचालन आम्दानी** | **४,१३७,२९५** |
| ६. कर्मचारी खर्च | ६९९,८८१ |
| ७. अन्य संचालन खर्च | ६०३,१७८ |
| ८. सटही घटबढ नोक्सान | |
| **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | **२,८३४,२३६** |
| ९. सम्भावित नोक्सानी व्यबस्थाहरु | १६८,१३४ |
| **सञ्चालन मूनाफा** | **२,६६६,१०३** |

| | |
|---|---|
| १०. गैर सञ्चालन आम्दानी/(खर्च) | २४,७१९ |
| ११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ९२,७५१ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **२,७८३,५७३** |
| १२. असामान्य कारोबारबाट भएको खर्च | ४,२७९ |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **२,७८७,८५१** |
| १३. कर्मचारी बोनस ब्यबस्था | २५३,४४१ |
| **१४. आयकर व्यवस्था** | ***८०४,२०३*** |
| क. यस वर्षको कर व्यवस्था | ७५२,१४८ |
| ख. बिगत वर्षसम्मको कर व्यवस्था | ४५,००० |
| ग. यस वर्षको स्थगन कर (आम्दानी)/खर्च | (७,०५५) |
| **खुद नाफा/नोक्सान** | **१,७३०,२०७** |
| शेयर संख्या (हजारमा) | २६,६२६ |
| प्रति शेयर आम्दानी (रु.) | ६४.९८ |

**थ) संगठित संस्थाले गर्ने भनिएको काममा निहित संभावित जोखिमहरु :**

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

ख) बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।

ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।

घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।

ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस बैंक सञ्चालनको इतिहास २२ (बाईस) वर्षको रहेकोछ । बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :** रु.१००/-प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) धितोपत्र बाँडफाँट सम्बन्धी ब्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र बैंकको संचालक समितिले हकप्रद शेयरको बाँडफाँट गरी अभौतिक (Demat) रुपमा शेयर सम्बन्धित शेयरधनीको खातामा जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी बैंकको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

क) बैंकको रजिष्टर्ड कार्यालय, का.म.न.पा.वडा नं.३, लाजिम्पाट, काठमाण्डौ ।

ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौ ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :**

निष्काशन गरिने हकप्रद शेयरको लागि कुनै प्रत्याभुति गरिएको छैन ।

**प) शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँट गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण गरी हकप्रद शेयरको खरिद विक्रीको व्यवस्था मिलाइनेछ । साथै नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत दर्ता गरिनेछ ।

**फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

बैंकको कारोबारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला छैन ।

**ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व बैंकले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।

२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली बैंकद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/–का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा बैंकको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ।

क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै ब्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यबस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको ,

ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यबस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यबस्था गरिएको।

ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,

घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको

ङ) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

च) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,

छ) हक हस्तान्तरणको लागि निवेदन दिँदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुने आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

**म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :**

क) बैंकको बाइसौं बार्षिक सभाको निर्णय बमोजिम आ.ब.२०७३/०७४ को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि एन. अमात्य एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स (N.Amatya & Co., Chartered Accountants) लाई नियुक्त गरिएको छ ।

ख) यस बैंकको कम्पनी सचिवमा ललितपुर जिल्ला, ल.पु.उ.न.पा.१३, कुसुन्ती निवासी श्री सुरेश चापागाई कार्यरत हुनु हुन्छ ।

ग) यस बैंकको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबारको आधारमा निष्काशनकर्ता बैंक आफैले तयार गरेको हो । उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता बैंकको हालको दक्षता र निष्काशनकर्ता बैंकले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था आरकेएस एशोसियटस, नारायणचौर, नक्साल, काठमाण्डौं रहेको छ ।

घ) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यावसायिक संस्था श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेकोछ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

नेपाल राष्ट्र बैंकले आ.ब.०७१/०७२ को मौद्रिक निति मार्फत बाणिज्य बैंकहरुलाई आ.ब.०७३/०७४ को अन्त्यमा पूँजी बृद्धि गरी रु.८०० करोड पुर्याउनु पर्ने निर्देशन जारी गरेकोले बैंकले हकप्रद शेयर निष्काशन गरी पूँजी बृद्धि गर्ने योजना नेपाल राष्ट्र बैंकमा बुझाएकोले ।

हकप्रद शेयर जारी गरी प्राप्त हुने रकमहरु देहाय बमोजिम उपयोग गर्ने योजना बैंकको रहेको छ :

| सि.नं. | उपयोग | रकम |
|---|---|---|
| १. | तरलता | करिब रु.३० करोड |
| २. | पूँजीगत खर्चहरु | करिब रु.४० करोड |
| २. | लगानी | करिब रु.२५ करोड |
| ३. | सरकारी ऋणपत्रहरुमा लगानी | करिब रु.१५ करोड |
| ४. | शाखा विस्तार | करिब रु.४० करोड |
| | जम्मा | करिव रु.१ अर्व ५० करोड |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम १८ को अधिनमा रही निष्काशनकर्ता कम्पनीको संचालक समितिले बढीमा १५ (पन्ध्र) दिन सम्मका लागि म्याद थप गर्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१. एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।
२. एभरेष्ट बैंक लि.को रजिष्टर्ड (केन्द्रिय) कार्यालय काठमाण्डौ जिल्ला, का.म.न.पा, वडा नं.३, लाजिम्पाट तथा सम्पूर्ण शाखा कार्यालयहरु ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि.को नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँडमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको वेवसाइट www.niblcapital.com बाट डाउनलोड गरी भरेर पठाउन सकिनेछ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

बैंकले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७४, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यस बैंकको संचालकहरु एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७४ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यबस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण बैंकको रहेको छ ।

साथै नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्राप्त संस्थाहरुलाई २०७४ आषाढ मसान्त भित्र न्यूनतम पूँजी बृद्धि गरी सक्नु पर्ने गरी निर्देशन दिएको सन्दर्भमा यस बैंकले देहायको शर्तहरु पूरा गरेको हुँदा यस विवरण मार्फत निष्काशन गरिने धितोपत्रहरु क्रेडिट रेटिङ्ग गर्न नपर्ने स्वघोषणा: बैंकको रहेको छ ।

१. अंकित मूल्यमा हकप्रद शेयर निष्काशन गरिएको ।
२. प्रति शेयर नेटवर्थ रु.१००/–भन्दा बढी भएको । (आ.ब.०७३/०७४ पौष मसान्त सम्ममा प्रति शेयर नेटवर्थ रु.२०७.७९ रहेको)
३. अंकित मूल्य भन्दा बजार मूल्य बढि भएको । (आ.ब.०७३/०७४ पौष मसान्त सम्ममा बजार मुल्य रु.१,९२५/–रहेको)
४. विगत ५ बर्ष देखि संचालनमा रही कम्तिमा ३ बर्ष नाफामा संचालनमा रहेको । (आ.ब.०७०/०७१, आ.ब.०७१/०७२, आ.ब.०७२/०७३ को खुद नाफा क्रमश: रु.१५४.९६ करोड, रु.१५७.४३ करोड र रु.१७३.०२ करोड रहेको),
५. NPA (Non Performing Asset) नेपाल राष्ट्र बैंकले तोकिएको सीमा भित्र भएको । (आ.ब.०७३/०७४ पौष मसान्त सम्ममा NPA (Non Performing Asset) ०.७० प्रतिशत रहेको)
६. पूँजी बृद्धि गरिएको सम्बन्धमा प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको ।

**श) पछिल्लो ३ बर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| **०७०/०७१** | २,७५६/– | १,४३९/– | २,६३१/– | ११६०.०३ |
| **०७१/०७२** | २,८८५/– | १,६००/– | २,१२०/– | ९८८.८७ |
| **०७२/०७३** | ३,५७०/– | १,९००/– | २,८१५/– | २५०५.०३३ |

**पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| **२०७३ फागुन** | १,८२०/– | १,५६६/– | १,७४०/– | १०५.१० |
| **२०७३ चैत्र** | २,१४२/– | १,७००/– | २,०८०/– | २४५.१४ |
| **२०७४ बैशाख** | २,१००/– | १,७८१/– | १,८०३/– | १६९.९० |

**द्रष्टव्य** :यस बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम, दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री विष्णु कृष्ण श्रेष्ठ | अध्यक्ष | |
| २. | श्री वेद कृष्ण श्रेष्ठ | संचालक | |
| ३. | डा. बाल गोपाल वैद्य | संचालक | |
| ४. | श्री अरुण मान शेरचन | संचालक | |
| ५. | डा.राम एस. साँगापुरे | संचालक | |
| ६. | ए.के. अहलुवालिया | संचालक | |
| ७. | श्री सुनिल गोपाल श्रेष्ठ | संचालक | |
| ८. | श्री नबिन भक्त श्रेष्ठ | संचालक | |

**स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई **एभरेष्ट बैंक लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।**